आज मिति २०८० साल असार ९ गते तदनुसार ( June 24, 2023) शनिबार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री विष्णु बहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम बहादुर बलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री पूर्ण बहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| श्री बाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री छविलाल राई | प्र.प्र.अ./ सचिव | |

अन्य उपस्थिति　　　　　　　　　　　　हस्ताक्षर

१.श्री गायत्री प्रसाद दाहाल ६ नं. वडा कार्यवाहक वडाध्यक्ष

२.

२०८० असार ९ गते तदनुसार June 24, 2023 शनिवारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. वडा नं. ७ को प्रशासनिक भवन निर्माणको लागि अपुग रकम व्यवस्थापन सम्बन्धमा ।
२. नीति तथा कार्यक्रम सम्बन्धमा ।
३. वडागत तथा गाउँपालिका स्तरीय योजना तथा कार्यक्रम पारित गरी सभामा पेश गर्ने सम्बन्धमा ।
४. स्थानीय रोजगार रणनीतिलाई सैद्धान्तिक सहमति दिने सम्बन्धमा ।

२०८० साल असार ९ गते शनिवारको बैठकका निर्णयहरु:

**निर्णय नं.१:** यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. ७ टोक्सेलको प्रशासनिक भवन (पहिलो तला) निर्माण कार्यको लागि गाउँपालिकाद्वारा रु.९०००००/- र वडावाट रु.५०००००/- गरी जम्मा रु.१४०००००/- अक्षरेपी चौध लाख विनियोजन भएको तर उक्त रकमले पहिलो तलाको सम्पूर्ण निर्माण कार्य सम्पन्न नहुने भएकोले अपुग रकम जम्मा रु.६८०१८१.७४/- रुपैयाँ वरावरको स्रोत सुनिश्चित गरी भ्याट सहित जम्मा रु,२०,८०,१८१.७४/- रुपैंया वरावरको लागत इष्टिमेट तयारी गरी वोलपत्र आव्हान गरिएकोमा जम्मा सम्झौता रकम भ्याट सहित रु.१८१०५०७/- रहेकोले अपुग रकम जम्मा रु.४,५०,०००/- रुपैयाँ कन्टिन्जेन्सीवाट खर्च गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं.२:** आ.व.२०८०/८१ को नीति तथा कार्यक्रमका वारेमा छलफल गरी मानेभन्ज्याङ गाउँपालिकाको दोस्रो गाउँसभाको तेह्रौं अधिवेशनमा पेश गर्नको लागि आजको कार्यपालिका बैठकवाट पारित गर्ने निर्णय गरियो ।

नोटः नीति तथा कार्यक्रम पछाडी अनुसूचीमा राखिएको छ ।

**निर्णय नं.-३:** आ.व.२०८०/८१ को दोस्रो गाउँसभाको तेह्रौं अधिवेशनमा पेश गर्नको लागि आजको कार्यपालिका वैठकवाट वडास्तरीय योजना तथा कार्यक्रम, शाखागत तथा पालिकास्तरीय कार्यक्रम र योजनाहरु साथै संघसंस्थासँग साझेदारीका कार्यक्रमहरु पारित गर्ने निर्णय सर्व सम्मत गरियो ।

नोटः कार्यक्रम तथा योजना अनुसूचीमा राखिएको छ ।

**निर्णय नं.४:** यस मानेभन्ज्याङ गाउँपालिकाको स्थानीय रोजगार रणनीतिका रणनीति र कार्यनीतिलाई सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।



CamScanner